**बुढानीलकण्ठ नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

**स्थानीय राजपत्र**

**खण्ड : ७** **सङ्ख्या : ५** **मिति :- २०८१।१०।०२**

**भाग : १**

# फोहरमैला व्यवस्थापन ऐन, २०८१

**प्रस्तावना :**

फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुनःप्रशोधन, प्रयोग, वा विसर्जन गरी नगरपालिका क्षेत्र भित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ र स्वस्थ वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) वमोजिम बुढानीलकण्ठ नगरपालिकाको नगरसभाले फोहरमैला व्यवस्थापन ऐन, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क)यस ऐनको नाम "फोहरमैला व्यवस्थापन ऐन, २०८१ रहेको छ ।

ख)यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२) परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "नगरपालिका" भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

ख) "नगर कार्यपालिका" भन्नाले बुढानीलकण्ठ नगर कार्यपालिका सम्झनुपर्छ ।

ग) "प्रमुख "भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको कुनै निकाय सम्झनुपर्छ।

च) "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषणयुक्त फोहरमैला सम्झनुपर्छ ।

छ) "कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनुपर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई सम्झनुपर्छ ।

ज) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनुपर्छ ।

झ) "सङ्कलन केन्द्र" भन्नाले घर घरवाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समय सम्म फाल्न, राख्न वा थुपार्नका लागि नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहरमैला सङ्कलन गर्न आउने नगरपालिकाले तोकेको फोहरमैला सङ्कलक वा फोहरमैला सङ्कलन गर्ने साधन समेतलाई जनाउँछ ।

ञ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएका वस्तु वा सडेगलेका वस्तु, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस,तरल,लेदो,धुवा,धुलो,विधुतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पमप्लेट र नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

ट) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुण वा भौतिक स्वरुप परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने,मल, ग्याँस, उर्जा वा यस्तै किसिमका अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रकृया सम्झनुपर्छ ।

ठ) "फोहरमैला सङ्कलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरवाट सङ्कलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट वा गैह्रकानूनी होडिङ्ग वोर्ड उकाउने, हटाउने वा सङ्कलन गर्ने कार्यलाई सम्झनुपर्छ ।

ड) "फोहरमैला व्यवस्थापन स्थल" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनुपर्छ ।

ढ) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनुपर्छ ।

ण) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित र सहभागितामूलक उपभोक्ता समूह, टोलविकास संस्था वा सहकारी संस्था वा उपभोक्ता समूह वा गैरसरकारी संस्था सम्झनुपर्छ।

त) "फोहरमैला सङ्कलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला सङ्कलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनुपर्छ।

थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

द) "वडा समिति" भन्नाले दफा २६ बमोजिम गठित वडास्तरीय फोहरमैला व्यवस्थापन समिति सम्झनुपर्छ।

ध) "समिति" भन्नाले दफा २३ बमोजिम गठित नगरस्तरीय फोहरमैला व्यवस्थापन समिति सम्झनुपर्छ।

न) "स्वास्थ्य संस्थाजन्य फोहर" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधि पसल, ब्लड बैंक, प्याथोलोजीकल प्रयोगशाला, पशुस्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ।

ऩ) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थयमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ।

## परिच्छेद-२

## फोहरमैला उत्पादन, सङ्कलन, न्युनिकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

**३) फोहरमैलाको व्यवस्थापनको प्रबन्ध गर्ने जिम्मेवारी नगरपालिकाको हुनेः**

१. फोहरमैलाको व्यवस्थापन गर्ने, स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साईट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहरमैलाको संङ्कलन, अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

२. फोहरमैला सङ्कलन केन्द्र, स्थान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

**४) फोहरमैला व्यवस्थापन गर्ने दायित्वः**

१. यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने, गराउने दायित्व नगरपालिकाको हुनेछ ।

२. उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

३. कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रसायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैला व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

४. फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजना निर्माण गरी तिनको प्रभावकारी कार्यान्वयनमार्फत फोहरमैला व्यवस्थापन प्रणालीलाई सुदृढ र दिगो बनाउने व्यवस्था गर्नेछ।

**५) फोहरमैलाको उत्पादन कम गर्नेः**

१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहरमैला यथासक्य कम गर्नु पर्नेछ ।

२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरणः आफ्नो क्षेत्र भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर बुझ्नुपर्छ।

**६) फोहरमैलाको पृथकीकरणः**

१. नगरपालिकाले फोहरमैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्टाउने गरी तोक्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्टाई संङ्कलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ।

**७) फोहरमैलाको निष्काशनः**

१. फोहरमैला निस्काशनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२. हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

३. हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानतरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

४. सवारी साधनबाट उत्सर्जित फोहरमैला निर्धारित स्थानमा जम्मा गर्ने दायित्व सम्वन्धित सवारी धनि, चालक सहचालकको हुनेछ।

**८) सङ्कलन केन्द्र र समय तोक्नेः**

१. नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न आवश्यकता अनुसार टोल वा वस्तिमा सङ्कलन केन्द्र तोकी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथासक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नुपर्नेछ ।

३. उपदफा (१) बमोजिम सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) फोहरमैला ढुवानीः**

१. सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई फोहरमैला स्थानतरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले अनुमति प्रदान गरेको संस्था वा निकायको हुनेछ ।

२. फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्नेछ।ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ ।

३. फोहरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ६ बमोजिम स्रोतमा छुट्टाई निष्काशन तथा सङ्कलन गरिएको फोहरमैलाको अलग-अलग ढुवानी गर्नुपर्नेछ ।

**१०) फोहरमैलाको न्युनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः**

१. नगरपालिकाले फोहरमैला न्युनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ ।यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२. उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद - ३

## स्थानान्तरण केन्द्र तथा फोहरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**११) स्थानान्तरण केन्द्र तोक्नेः** नगरपालिकाले प्रारम्भिक चरणमामा सङ्कलन भएको फोहरलाई व्यवस्थापन गर्न वातावरणीय हिसाबले उपयुक्त स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ।

**१२) फोहरमैला व्यवस्थापन स्थलः**

१. नगरपालिकाले आफ्ना क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल(स्यानिटरी ल्याण्डफिल्ड साईट) तोक्न सक्नेछ ।

२. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

३. यस दफा बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्दा दफा १६ को अधिनमा रही निजी क्षेत्रको निजी जग्गामा समेत फोहरमैला व्यवस्थापन स्थलको विकास तथा संचालन गर्न सकिनेछ ।

४. नगरपालिकाले उपदफा (१) वा (२) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी उपलब्ध गराउनका लागि नेपाल सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

५. नगरपालिकाको फोहरमैला व्यवस्थापन स्थल सञ्चालन तथा बन्द पश्चात व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ ।

६. उपदफा (५) बमोजिम बन्द पश्चात व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहर व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएको सुझाव अनुरुप गर्नुपर्नेछ ।

७. नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

८. नगरपालिकाले उपदफा (७) बमोजिमको क्षेत्रमा घरपालुवा पशुपन्छी, जिवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउने, ढुंगा, गिट्टी, माटो र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागू गर्न सक्नेछ ।

९. नगरपालिकाले उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल्ड साइट) नतोकेसम्म काठमाडौं महानगरपालिकासँगको समन्वयमा भईरहेको व्यवस्थापन प्रणाली अनुसार अन्तिम विसर्जन स्थलमा विसर्जन गरिनेछ।

## परिच्छेद-४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१३) अनुमति सम्बन्धी व्यवस्थाः**

१. यो ऐन बमोजिम नगरपालिकाको अनुमती नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

२. फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना।

ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण।

ग) फोहर व्यवस्था सम्बन्धी प्रविधिको क्षमता,

घ) तोकिए बमोजिमको अन्य विवरण ।

३. उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगररपालिकाले आवश्यक जाँचबुँझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

४. फोहरमैला व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृत लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

५. अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने**

१. नगरपालिकाले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको प्रकृया अबलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

२. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैर सरकारी संघसंस्थाका हकमा देहायका कुनै काम तोकिए बमोजिम गराउन सकिने छ ।

क. फोहरमैला न्युनीकरणका लागि जनचेतना अभिवृद्धि,

ख. फोहरमैला सङ्कलन,

ग. फोहरमैला ढुवानी,

घ. फोहरमैलाको प्रयोग, पुन प्रयोग, पुन चक्रीय प्रयोग वा प्रशोधन,

ङ. फोहरमैला विसर्जन र

च. बन्द पश्चात व्यवस्थापन।

३. यस दफा बमोजिम निजी कम्पनीलाई व्यवस्थापन कार्य जिम्मेवारी दिँदा दफा १५ बमोजिमको प्रकृया पुरा गर्नुपर्नेछ।

**१५) प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने**

१. नगरपालिकाले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा एकमुष्ठ वा वडा/Cluster विभाजन गरी तोकिए बमोजिम बोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी फोहरमैला व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेछ।

२. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछः

क. नगरपालिकालाई बुझाउन कबूल गरेको रकम,

ख. फोहरमैलावाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

ग. आर्थिक तथा प्राविधिक क्षमता,

घ. फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्युनीकरण,

ङ. व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

च. फोहरमैलाको प्रयोग, प्रशोधन, पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउनुपर्ने शुल्क।

३. बोलपत्र सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

४. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्नेछ।

५. उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट नगर्दासम्म नगरपालिकामा सूचिकृत सेवा प्रदायकहरुबाट तोकिएको मापदण्ड र प्रकृया पुरा गरी फोहरमैला व्यवस्थापन गर्न सकिनेछ।

६. उपदफा (१), (२) र (३) बमोजिम फोहरमैला व्यवस्थापनको सेवा प्रदायक छनौट भई सम्झौता भएको मितिबाट नगर तथा वडाबाट सेवा प्रदायकसँग फोहरमैला व्यवस्थापन सम्बन्धमा गरिएको सम्झौता स्वतः अन्त्य हुनेछ।

७. फोहरमैला व्यवस्थापनमा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**१६) फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः**

१. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले तोकीए बमोजिम हुने गरी स्वीकृति दिन सक्नेछ ।

२. उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए नभएको अनुगमन नगरपालिकाले गर्नेछ ।

३. उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न लगाउने, जरीवाना तोक्ने र तोकिएको समयावधीमा पनि मापदण्डको पालना नगरे त्यस्ता व्यक्ति, संस्था वा कम्पनीलाई जरीवाना लगाई नगरपालिकाले दिएको स्वीकृति रद्द गर्न सक्नेछ।

**१७) सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने**

१. नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक एवं गैर सरकारी संघ संस्थासँगको साझेदारीमा फोहरमैला न्युनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको वन्द पश्चातको व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्याकरण जस्ता कार्य मात्र गर्न गराउन सकिने छ। सो को प्रकृया कार्यविधिले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ५

## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१८) सेवा शुल्क उठाउन सक्नेः**

१. नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

२. उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ ।

३. उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैले वा नगरपालिकाले तोकेको संस्था वा निकायमार्फत समेत उठाउन सकिनेछ ।

४. यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ तर तोकिए बमोजिम विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुटको व्यवस्था गरिनेछ।

५. यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सङ्कलन गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ ।

**१९) सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :**

१. नगरपालिकाले दफा १८ बमोजिम सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

२. फोहरमैला व्यवस्थापन गर्न दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १८ को उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा सो को जानकारी तत्काल सम्बन्धित वडा समितिलाई दिनुपर्नेछ ।

३. उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित व्यक्ति, घरधनी, संस्था वा निकायले आफैले गर्नुपर्नेछ ।

४. सेवाग्राहीले दफा १८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद - ६

## प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

**२०) प्रदुषण नियन्त्रणः**

१. आफ्नो क्षेत्रभित्रबाट संकलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

२. नगरपालिकाले संकलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस ऐन बमोजिम निर्धारित मापदण्डको पालना गर्नुपर्नेछ ।

**२१) फोहरमैला व्यवस्थापनको अनुगमनः**

१. नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालिकाले आवश्यक कार्य योजना बनाई लागू गर्न सक्नेछ ।

३. उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन नगरपालिका समक्ष दिनुपर्नेछ ।

४. उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ।

**२२) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था :**

१. नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

२. उपदफा (१)को प्रयोजनका लागि नगरपालिकाले मुलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नेछ,

क. सडक निर्माण, विद्युत आपूर्ति , खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,

ख. विद्यालय र स्वास्थ्य संस्थाको सञ्चालनमा सहायता,

ग. फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएको वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम,

## परिच्छेद - ७

## फोहरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२३) फोहरमैला व्यवस्थापन समितिको गठनः**

१. फोहरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि एक नगरस्तरीय फोहरमैला व्यवस्थापन समिति रहनेछ ।

२. उपदफा (१) बमोजिमको समिति देहायका सदस्यहरु रहनेछन् :

क) नगरप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

घ) नगरपालिकाको वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक -सदस्य

ङ) समितिले तोकेको सम्बन्धित क्षेत्रका विज्ञ एक जना - सदस्य

च) प्रहरी प्रभाग बुढानीलकण्ठ र कपनका कार्यालय प्रमुखहरु दुई जना - सदस्य

छ) नगरपालिकाको वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्य हेर्ने शाखाको शाखा प्रमुख -सदस्य सचिव

३. फोहर व्यवस्थापनमा संलग्न निजी क्षेत्रका प्रतिनिधि तथा विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

४. उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

२४) **नगरस्तरीय फोहरमैला व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार :-** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) फोहरमैला व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष पेश गर्ने,

ख) फोहरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरु बीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

ग) फोहरमैला व्यवस्थापन कार्यको नियमित अनुगमन तथा नियमन गर्ने,

घ) फोहरमैला व्यवस्थापन स्थलको पहिचान गरी नगरपालिकालाई त्यस्तो स्थान प्रयोग गर्न समन्वय र सहजीकरण गर्ने,

ङ) फोहरमैला व्यवस्थापनका लागि शुल्क निर्धारण गर्दा एकरुपता कायम गर्नको लागि त्यस्तो सेवा शुल्क निर्धारण गर्ने,मापदण्ड तयार गरी नगर कार्यपालिका समक्ष पेश गर्ने,

च) फोहरमैला व्यवस्थापनका लागि संघ, प्रदेश र अन्य स्थानीय तहसँग समन्वय गर्ने,

छ) फोहरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत सिफारिस गर्ने,

ज) फोहरमैला व्यवस्थाको लागि नविनतम प्रविधिहरुको खोजी गरी आवश्यकता अनुसार त्यस्ता प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाउने,

झ) तोकिए बमोजिम अन्य काम गर्ने।

**२५) नगरस्तरीय फोहरमैला व्यवस्थापन समितिको बैठक सम्बन्धी ब्यवस्था :**

१. समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक वा आवश्यकता अनुसार समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफुमध्येबाट छानेको सदस्य वा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३. समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

४. बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ ।सहमति हुन नसकेमा बहुमतको आधारमा हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

५. समितिले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. समितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ ।

७. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२६) वडा स्तरीय फोहरमैला व्यवस्थापन समितिः** प्रत्येक वडामा देहाय बमोजिमको वडास्तरीय फोहरमैला व्यवस्थापन समिति रहनेछ ।

क) वडा अध्यक्ष - संयोजक

ख) सम्बन्धित वडाका वडा सदस्यहरु सबै - सदस्य

ग) सम्बन्धित वडा क्षेत्रभित्र स्थापना भई संचालनमा रहेको टोल विकास संस्था मध्येबाट वडाध्यक्षले तोकेको एक जना महिला सदस्य सहित दुई जना - सदस्य

घ) समितिले तोकेको स्थानिय बुद्धिजिवी एक जना - सदस्य

ङ) सम्बन्धित वडाका वडा सचिव- - सदस्य सचिव

**२७) वडा स्तरीय फोहरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

क) वडा क्षेत्रभित्र फोहरमैलाको सङकलन, पहिचान, प्रशोधन जस्ता कार्यको लागि आवश्यक सहजीकरण तथा समन्वय गर्ने,

ख) वडाक्षेत्र भित्र सर्वसाधारण तथा निजी घर, व्यवसाय जस्ता क्षेत्रबाट दैनिक रुपमा उत्पादन हुने फोहरमैला बिसर्जन र सङ्कलन गरी त्यस्तो तोकिएको स्थानमा मात्र फोहोरमैला बिसर्जन गर्न सर्वसाधारणलाई प्रेरित गर्ने,

ग) वडाक्षेत्र भित्रका टोल विकास संस्थासँग फोहरमैला व्यवस्थापनको लागि आवश्यक सहयोग र समन्वय गर्ने,

घ) वडाक्षेत्र भित्र फोहरमैला व्यवस्थापन कार्यको नियमित अनुगमन र निरिक्षण गर्ने,

ङ) फोहोरमैला वर्गीकरण तथा सो बमोजिम फोहरमैलाको व्यवस्थापन गर्न गराउन सहयोग गर्ने,

च) वडा क्षेत्रभित्र फोहरमैला व्यवस्थापनसँग सम्बन्धित जनचेतनामूलक कार्य गर्ने गराउने,

छ) वडाको फोहरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता कायम राख्ने,

ज) आ-आफ्नो घर अगाडीको फोहरमैला आफैले सङ्कलन गर्न अभिप्रेरित गरी फोहर ढुवानीलाई जिम्मा दिने व्यवस्था मिलाउने,

झ) घरबाट निस्कासन हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन तथा गल्लीहरूको सरसफाई ढल निकास, मरेका जनावर व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोतको संरक्षण गर्न तथा आवश्यक व्यवस्थापनमा सहजीकरण र समन्वय गर्ने,

ञ) वडा क्षेत्रभित्र कार्यरत सेवा प्रदायक संस्थाको सेवाको गुणस्तर र सेवा प्रवाहको अनुगमन गरी नगरस्तरीय फोहरमैला व्यवस्थापन समिति समक्ष नियमित प्रतिवेदन दिने,

ट) नगरस्तरीय फोहरमैला व्यवस्थापन समितिसँग समन्वय गरी अन्य आवश्यक कार्य गर्ने,

ठ) तोकिएबमोजिम अन्य कार्य गर्ने,

## परिच्छेद - ८

## कसूर र दण्ड सजाय

**२८) कसूरः** कोही कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ,

क) नगरपालिकाले तोकि दिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थलबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लिखित शर्तहरु उल्लंघन गर्ने,

च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

छ) घर, कम्पाउन्ड वा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

ज) फोहरबाट निस्केको दुषित पानी, लिचेट वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउने,

झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्ने नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाँउमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

ञ) नगरपालिकाले तोकेको स्थानमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला फाल्ने,राख्ने,थुपार्ने वा निष्काशन गर्ने,

ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने, फोहर सङ्कलन गर्ने कामदारमाथि कुटपिट तथा अभद्र व्यवहार गरेमा,

ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा विक्री वितरण गर्ने,

त) दफा ३४ विपरित रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

थ) स्रोतमै फोहरमैला पृथकीकरण नगरी दफा ६ को विपरित फोहरमैला मिसाएर निष्काशन गर्ने,

द) मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

**२९) सजायः**

१) दफा २८ को उपदफा (क) बमोजिम कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैंयासम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैंयादेखि दश हजार रुपैयासम्म जरिबाना र सोही कसुर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैंयाका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।

२) दफा २८ को उपदफा (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैंयादेखि पाँच हजार रुपैंयासम्म जरिबाना गर्न सक्नेछ ।

३) दफा २८ को उपदफा (ग) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले उक्त कसूरबाट पुगेको क्षतिको मूल्याङ्कन गरी समितिको निर्णय बमोजिम जरिबाना गर्न सक्नेछ।

४) दफा २८ को उपदफा (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजारदेखि पचाँस हजारसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

५) दफा २८ को उपदफा (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजारदेखि पन्ध्र हजारसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसुरदारबाट असुलउपर गर्न सक्नेछ ।

६) दफा २८ को उपदफा (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैंयादेखि पन्ध्र हजार रुपैंयासम्म जरिबाना गर्न सक्नेछ ।

७) दफा २८ को उपदफा (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैंयादेखि पचाँस हजार रुपैंयासम्म जरिबाना गर्न सक्नेछ ।

८) दफा २८ को उपदफा (ट, ठ र त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैंयादेखि एक लाख रुपैंयासम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

९) दफा २८ को उपदफा (ड),(ढ) र (ण) बमोजिमको कसूर गर्नेलाई आवश्यक कार्वाहीका लागि सम्बन्धित प्रहरी कार्यालयमा जानकारी गराइनेछ ।

१०) दफा २८ को उपदफा (थ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिबाना गर्न सक्नेछ ।

**३०) सजाय तोक्ने अधिकारीः**

१. यस ऐनको दफा २८ को उपदफा (ड),(ढ) र (ण) बमोजिम बाहेक बाँकी सबै उपदफा बमोजिमको कसूरमा नगरपालिकाको फोहर व्यवस्थापन हेर्ने शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले वा प्रमुख प्रशासकीय अधिकृत आफैंले कसुर निर्धारण गरी सजाय गर्न सक्नेछ।

२. प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम सजाय गरेको जानकारी फोहरमैला व्यवस्थापन समिति तथा कार्यपालिकालाई गराइनेछ।

**३१) सेवा सुविधा रोक्का गर्न सकिने :** यस ऐन बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिले नगरपालिकाले उपलब्ध हुने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घरजग्गा विक्री रोक्का गर्नको लागि

नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। तर यसरी लेखि पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित जानकारी दिई स्पष्टीकरणको मौका दिनुपर्नेछ।

**३२) पुनरावेदन दिन सक्नेः-** दफा २९ बमोजिम नगरपालिकाले गरेको सजायको आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र न्यायिक समिति समक्ष पुनरावेदन दिन सक्ने छ ।

## परिच्छेद - ९

## विविध

**३३) स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनः**

१. स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले अनुमति दिनु पुर्व फोहरमैलाको समुचित व्यवस्थापनको सुनिश्चितता गरेर मात्र अनुमति दिनुपर्नेछ ।

२. उपदफा (१) बमोजिम अनुमति दिदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नुपर्ने विशेष सर्त वा कायम गर्नुपर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

३. नगरपालिका भित्र संचालनमा रहेका सरकारी, सामुदायिक, अर्ध सरकारी निजी, अस्पताल तथा क्लिनिकहरु लगायतका संस्थाहरुसँग नगरपालिकाले साझेदारी गरी स्वास्थ्य संस्था जन्य फोहर प्रशोधन तथा भण्डारण केन्द्र तोकिए बमोजिम संचालन गर्न सकिने छ ।

**३४) रासायनिक विषादी सम्बन्धी व्यवस्थाः**

१. रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नुपर्ने छ ।

२. समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नेष्टी गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३५) बजेट बिनियोजन गर्नेः** यो ऐनको कार्यान्वयनको लागि नगरसभाले आवश्यक बजेट विनियोजन गर्नेछ।

**३६) फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक संस्थाको अभिलेख राख्ने :**

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक संस्थाहरुको अद्यावधिक विवरण सम्बन्धित शाखाले राख्नुपर्नेछ।

२. उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा नगरपालिकाले यस ऐन बमोजिम तोकेको अन्य आवश्यक विवरण समेत उल्लेख गर्नु पर्नेछ।

**३७) स्वीकृत लिनुपर्ने :** बुढानीलकण्ठ नगरपालिकाले कुनै विदेशी व्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार प्रदेश, संघीय सरकारको पूर्व स्वीकृत लिई गराउनु पर्नेछ ।

**३८) पुरस्कार दिन सकिने :**

१. नगर भित्र फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

२. यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिकाले पुरस्कारको व्यवस्था गर्नेछ।

**३९) नियम बनाउने अधिकार :-** यस ऐनको कार्यान्वयनको लागि नगरकार्यपालिकाले आवश्यकता बमोजिम नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**४०) खारेजी र बचाउ :-**

१. नगरपालिकाबाट जारी भएका कानूनहरु यस ऐनसँग बाझिएमा बाझिएको हदसम्म उक्त ऐनमा भएका व्यवस्थाहरु खारेज गरिएको छ।

२. यो ऐन प्रारम्भ हुनुपूर्व नगरसभा र नगर कार्यपालिकाको निर्णय बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मिति : २०८१/०९/२८

आज्ञाले,

तुल्सीराम अर्याल

**प्रमुख प्रशासकीय अधिकृत**